म.प.बै.सं. ३२।०८०

## संवत् २०८० साल असोज १४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. गृह मन्त्रालय: विभूषण वितरण कार्यलाई व्यवस्थित गर्नेगरी हाल विभूषण वितरण कार्य स्थगित गर्ने तथा विभूषण वितरण कार्यलाई मर्यादित एवं थप व्यवस्थित गर्ने सम्वन्धमा अध्ययन गर्न गृह मन्त्रालयले एक कार्यदल गठन गर्ने।

२. गृह मन्त्रालय: सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणका लागि सुझावसहितको प्रतिवेदन पेस गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री डिल्लीराज आचार्यको अध्यक्षतामा ४ सदस्यीय जाँचबुझ आयोग गठन गर्ने।

३. परराष्ट्र मन्त्रालय: न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको Peacebuilding Commission को कार्यक्रममा सहभागी हुन माननीय परराष्ट्र मन्त्रीको नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

म.प.बै.सं. ३३।०८०

## संवत् २०८० साल असोज १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव छलफल गरी पेश गर्न मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा पठाउने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: नेपालले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रलाई भुक्तानी गर्नुपर्ने सन् २०२१ देखि २०२३ सम्मको वार्षिक बजेट योगदान वापतको कूल ७,७५,५३३।– (सात लाख पचहत्तर हजार पाँच सय तेत्तीस) अमेरिकी डलर बराबरको रकम भुक्तानीका लागि स्वीकृति प्रदान गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: भारतको नयाँ दिल्लीमा आयोजना हुने ५th Chief Level South Asia Counter Terrorism Conference मा सहभागी हुन राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक श्री हुतराज थापाको वैदेशिक भ्रमण अनुमोदन गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: नेपाल न्याय सेवा, सरकारी वकील समूह, रा.प.प्रथम श्रेणी, सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीलाई नेपाल न्याय सेवा, रा.प. विशिष्ट श्रेणी, सचिव पदमा बढुवा नियुक्ति गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदस्थापन गर्ने।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: जापानको क्योटोमा आयोजना हुने Internet Governance Forum मा सचिव गणेशप्रसाद पाण्डेयलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

६. अर्थ मन्त्रालय: उदय-आर्थिक विकासका लागि लगानी तथा नवप्रवर्तनसम्बन्धी आयोजना कार्यान्वयन गर्न स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने स्वीस फ्रान्क ५.४५ मिलियन बराबरको अनुदान सहायता स्वीकार गर्ने।

७. अर्थ मन्त्रालय: नेपाल गुणस्तरीय स्वास्थ्य सेवा प्रणाली कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा ३.८४ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने।

८. अर्थ मन्त्रालय: सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव छलफल गरी पेश गर्न मन्त्रिपरिषद्, विधेयक समितिमा पठाउने।

९. अर्थ मन्त्रालय: सिटी अफ लण्डनको Mansion House मा आयोजना हुने उच्चस्तरीय लगानी सम्मेलनमा माननीय अर्थमन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

१०. अर्थ मन्त्रालय: संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि.सी.मा आयोजना हुने विश्व बैंक र नेपालबीचको साझेदारीको नयाँ खाका (New Country Partnership Framework) तथा माथिल्लो अरुण जलविद्युत आयोजनाको तयारीसम्बन्धी बैठकमा सहभागी हुन अर्थ सचिवलाई स्वीकृति प्रदान गर्ने।

११. अर्थ मन्त्रालय: आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० स्वीकृत गर्ने।

१२. अर्थ मन्त्रालय: इन्धनको सट्टा नगद प्रदान गर्ने निर्देशिका स्वीकृत गर्ने।

१३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: UAE मा आयोजना हुने UN Eight World Investment Forum कार्यक्रममा सहभागी हुन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई स्वीकृति दिने।

१४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: तुम्लिङ्गटार-सितलपाटी २२० के.भी. प्रसारण लाइन आयोजनाको क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने।

१५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को प्रारम्भ हुन बाँकी दफाहरुमध्ये दफा १७ को खण्ड (च), दफा २९ र दफा ४९ मिति २०८०।०७।०१ देखि प्रारम्भ गर्ने र दफा ४९ बमोजिम प्यारोल अधिकृतको नियुक्ति नभएसम्मको लागि सम्बन्धित कारागार प्रशासकलाई सो दफाको प्रयोजनको लागि मिति २०८०।०७।०१ देखि लागू हुने गरी प्यारोल अधिकृत तोक्ने।

१६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: इन्डोनेशियाको बालीमा आयोजना हुने एसियन-अफ्रिकन कानूनी परामर्शदातृ संस्था (AALCO) को ६१ औं वार्षिक सभामा भाग लिन कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गलाई स्वीकृति प्रदान गर्ने ।

१७. गृह मन्त्रालय: Disaster Risk Reduction and Management System Planning and Investment in Japan सम्बन्धी कार्यक्रममा सहभागी हुन सचिव श्री दिनेश भट्टराईलाई स्वीकृति प्रदान गर्ने।

१८. गृह मन्त्रालय: मित्रराष्ट्र संयुक्त अधिराज्यमा सञ्चालन हुने "Integrated Programme for Strengthening Security and Justice Phase २" विषयक कार्यक्रममा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरलाई सहभागी हुन स्वीकृति दिने।

१९. परराष्ट्र मन्त्रालय: नेपाल र मलेसिया सरकारका परराष्ट्र मन्त्रालयहरूबीच द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultation Mechanism) स्थापना गर्ने ।

२०. परराष्ट्र मन्त्रालय: परराष्ट्र मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृति दिने।

२१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: गुठी संस्थानका प्रशासकलाई पुनः स्पष्टीकरण सोध्न स्वीकृति दिने।

२२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष, सदस्य-सचिव तथा सदस्यहरूको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड संशोधन विषयको प्रस्ताव छलफल गरी पेश गर्न मन्त्रिपरिषद्, विधेयक समितिमा पठाउने।

२३. युवा तथा खेलकुद मन्त्रालय: राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०६८ खारेजी गर्ने।

२४. युवा तथा खेलकुद मन्त्रालय: राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

२५. रक्षा मन्त्रालय: उपरथी श्री बाबुराम श्रेष्ठलाई United Nations Assistance Mission for Iraq (UNAMI) मिसन, ईराकमा तैनाथ नेपाली सेनाको युनिटको High Level Delegation Visit गर्न स्वीकृति दिने।

२६. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी यम बहादुर अधिकारी र सहायक रथी शक्तिजंग बस्नेतको सरुवा गर्ने।

२७. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक ईन्जिनियरिङ्ग समूह, सूचना प्रविधि उपसमूहका महासेनानी सुदिप पन्तको पदावधि थप गर्ने।

२८. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक विविध सेवा, लेखा समूहका प्रमुख सेनानी महेश्वर कार्कीलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

२९. रक्षा मन्त्रालय: नेपाली सेनाका महासेनानी प्रकाश बहादुर चन्दलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

३०. रक्षा मन्त्रालय: उपरथी श्री याम प्रसाद ढकाललाई UNMISS मिसन, दक्षिण सुडानमा तैनाथ नेपाली सेनाको युनिटको High Level Delegation Visit गर्न स्वीकृति दिने।

३१. रक्षा मन्त्रालय: नेपालको पोखरामा आयोजना हुने नेपाल-भारत सुरक्षासम्बन्धी द्विपक्षीय परामर्श समूहको १५ औं बैठकमा सहभागी हुनका लागि प्रतिनिधिमण्डलको गठन गर्ने।

३२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: राष्ट्रिय व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान (गठन तथा सञ्चालन) आदेश,२०८० स्वीकृत गर्ने विषयको प्रस्ताव छलफल गरी पेश गर्न मन्त्रिपरिषद्, विधेयक समितिमा पठाउने।

३३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: नेपाल सरकार र जर्मनी सरकार एवं नेपाल सरकार र रोमानिया सरकारबीच द्विपक्षीय श्रम सम्झौता गर्न स्वीकृति दिने।

३४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: नेपाल र स्वीजरल्याण्डबीच द्विपक्षीय वार्ता तथा हवाई सेवा सम्झौता गर्न स्वीकृति दिने।

३५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: नेपाल र रुवाण्डाबीच द्विपक्षीय वार्ता तथा हवाई सेवा सम्झौता गर्न स्वीकृति दिने।

३६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: मन्त्रालय अन्तर्गतका प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र तराई मधेश समृद्धि कार्यक्रमको लागि अधिकृतस्तरका अस्थायी दरवन्दी सिर्जना गर्न स्वीकृति दिने।

३७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: जिल्ला समन्वय समितिको कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज संशोधन गर्ने।

३८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: सहसचिव श्री शिवनाथ पौडेलको राजीनामा स्वीकृत गर्ने।

३९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: कान्ति बाल अस्पताल, काठमाडौं, सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, बाँके, गेटा अस्पताल, कैलाली र स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौंको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

४०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: विशेष अदालत नियमावली, २०८० स्वीकृत गर्ने।

४१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

४२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गर्न स्वीकृति दिने।

४३. १. विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायत संविधानप्रदत्त मौलिक हकको सम्मान गर्दै सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई सकारात्मक तथा मर्यादित बनाउने सन्दर्भमा सामाजिक सञ्जालका सञ्चालक र प्रयोगकर्ताले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हित वा सङ्घीय एकाईबीचको सुसम्बन्धमा प्रतिकूल असर हुने गरी वा वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना हुने कुनै काम कारबाही नगर्न नगराउनुहुन एवम् विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने गतिविधि नगर्न नगराउनुहुन अनुरोध गर्ने।

साथै, सामाजिक सञ्जाल प्रयोग गर्दा आधारहीन कुरा राख्ने, व्यक्तिको प्रतिष्ठा, आत्मसम्मान, गोपनियता तथा चरित्रमा आघात पुऱ्याउने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, अपराध गर्न दुरुत्साहन गर्ने, शान्ति सुरक्षा भङ्ग हुने कार्यलाई बढावा दिने वा प्रचलित कानूनबमोजिम प्रकाशन वा प्रसारण गर्न रोक लगाएको कुरा प्रसारण वा सम्प्रेषण गर्ने वा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल हुने सामग्री प्रकाशन वा प्रसारण गर्नेजस्ता कार्य नगर्न नगराउनसमेत अपिल गर्ने।

२. संविधानप्रदत्त अधिकारलाई सुनिश्चित गर्दै सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित विषयमा आवश्यक कानूनी व्यवस्था गर्न सम्बन्धित निकायलाई निर्देशन दिने।

४४. १. आसन्न चाडपर्वको अवसरमा उच्च माग हुने खाद्य तथा गैरखाद्य वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरी अस्वाभाविक मूल्य वृद्धि, कालोबजारी र अखाद्य वस्तु मिसावट गरी गुणस्तरहीन वस्तु बिक्री वितरण गर्नेजस्ता अनुचित कार्यहरू नगर्न नगराउन सम्पूर्ण उद्योगी, व्यवसायीहरूलाई ध्यानाकर्षण गराउने।

२. बजारमा कृत्रिम अभाव सिर्जना गर्ने र नाफाखोरी गर्ने व्यक्ति, फर्मलाई कानूनबमोजिम कारबाहीका लागि कोही कसैसँग सूचना भएमा हेलो सरकार, वाणिज्य विभागको पोर्टल वा टोल फ्री नं. ११३७ मा सूचना दिनुहुन आम उपभोक्ता वर्गमा अनुरोध गर्ने।

३. उपभोग्य बस्तुको बिक्री वितरणसँग सम्बन्धित सार्वजनिक निकायहरूले तत्काल देशभर सुपथ मूल्यका पसल सञ्चालन गर्ने, बजार अनुगमनका लागि स्थापित सम्पूर्ण संयन्त्रहरूलाई थप सक्रिय र क्रियाशील बनाई बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउने, अस्वाभाविक मूल्यबृद्धि र कालोबजारी नियन्त्रण गर्ने व्यवस्था मिलाई; कृत्रिम अभाव सिर्जना गर्ने, अस्वभाविक रूपमा मूल्य बृद्धि गरी नाफाखोरी र कालोबजारीमा संलग्न हुने जो कोहीलाई प्रचलित कानूनबमोजिम कडा कारबाही गर्ने र सोको प्रतिवेदन सर्वसाधारण सबैको जानकारीका लागि सम्बन्धित निकायबाट दैनिक रूपमा सम्प्रेषित गर्ने।

म.प.बै.सं. ३४।०८०

**संवत् २०८० साल असोज २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. १. मिति २०८० असोज २० गते दक्षिण इजरायलको किबुज अलुमिम भन्ने स्थानमा प्यालेष्टाइनको हमास समूहले गरेको आक्रमणमा परी १० (दश) जना नेपालीहरूको दु:खद् निधन भएकोमा मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने र घाइते भएका व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने।

२. यस अकल्पनीय घटनामा दिवङ्गत हुनुभएका नेपालीहरूप्रति सम्मान व्यक्त गर्न २०८० असोज २३ गते राष्ट्रिय शोक घोषणा गरी देशभरका सरकारी कार्यालयहरू र विदेशस्थित नेपाली नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने।

३. परराष्ट्र मन्त्रालयले इजरायल सरकारसँग समन्वय गरी यस घटनामा निधन भएका नेपालीहरूको शव यथाशीघ्र स्वदेश ल्याउने।

४. यस घटनामा परी निधन भएका नेपालीहरूको परिवारलाई राहत स्वरूप प्रति परिवार दश लाख रुपैयाँ उपलब्ध गराउने। उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयमार्फत निकासा दिने।

५. इजरायलस्थित नेपाली दूतावासले इजरायल सरकारसँगको समन्वय र सहयोगमा यस घटनामा परी बेपत्ता भएका नेपालीको खोजीमा तीव्रता दिने एवं घाइतेहरूको तत्काल उपचारका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

६. इजरायलस्थित नेपाली दूतावासले स्वदेश फर्कन चाहने नेपालीहरूको विवरण अनलाइन प्रणालीमार्फत सङ्कलन गरी तत्काल परराष्ट्र मन्त्रालयमा पठाउने। स्वदेश फर्कन चाहने इजरायलमा रहनुभएका नेपालीहरूलाई उक्त प्रणालीमा आफ्नो विवरण तत्काल प्रविष्ट गर्न अनुरोध गर्ने।

७. अध्ययनलगायत अन्य प्रयोजनका लागि इजरायलमा रहेका नेपालीहरूलाई नेपाल आउन चाहेमा नेपाल सरकारले नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको विमान चार्टर्ड गरी यथाशीघ्र नेपाल ल्याउने प्रबन्ध गर्ने।

८. इजरायलमा रहेका नेपालीहरूको उद्धार तथा स्वदेश फिर्तीमा सहयोग गर्न हिब्रु भाषा जान्ने स्थानीय व्यक्तिलाई बढीमा ३ (तीन) महिनाका लागि काममा लगाउन इजरायलस्थित नेपाली दूतावासलाई स्वीकृति दिने।

९. इजरायलस्थित नेपाली दूतावासले इजरायलको जोखिमयुक्त क्षेत्रबाट नेपालीहरूको सुरक्षित उद्धार गर्न समन्वय र सहजीकरण गर्ने। नेपाल फर्कन चाहने नेपालीहरूलाई नेपाल फर्काउने अवधिसम्म अस्थायी ट्रान्जिट होम स्थापना गरी व्यवस्थापन गर्न इजरायलस्थित नेपाली दूतावासलाई स्वीकृति दिने।

१०. इजरायलमा रहेका नेपालीहरूको उद्धारको लागि आवश्यकताअनुसार इजरायल सरकार एवं छिमेकीलगायत अन्य मित्र राष्ट्रहरूसमेतको सहयोग लिने।

११. यस घटनाका सम्बन्धमा मानवीय संवेदनशीलता, परिवारजनमा पर्ने मानसिक आघात तथा समाजमा पर्ने असरसमेतलाई ध्यानमा राखी असान्दर्भिक र असंवेदनशील सामग्रीहरू सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत् प्रवाह नगर्न र आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भूमिका निर्वाह गर्न सबैलाई आह्वान गर्ने।

म.प.बै.सं. ३५।०८०

**संवत् २०८० साल असोज २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: महान्यायाधिवक्ताको कार्यालयमा सूचना प्रविधि अधिकृतको अस्थायी दरबन्दी सिर्जना गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनसम्बन्धी निर्देशिका, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव छलफल गरी पेश गर्न मन्त्रिपरिषद्, विधेयक समितिमा पठाउने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: भारतमा हुने प्रधानमन्त्री गतिशक्ति गुरूयोजना Initiatives को अवलोकन भ्रमणमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. राम कुमार फुयालको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: माल्दिभ्सको मालेमा आयोजना हुने "Regional Multi-stakeholder Meeting on Strategies against Organized crime and Regional Event on Gender and Human Rights Mainstreaming in Preventing and Combating Organized Crime" विषयक कार्यक्रममा नायब महान्यायाधिवक्ताद्वय श्री विश्वराज कोईराला र डा. टेकबहादुर घिमिरेलाई सहभागी हुन स्वीकृति दिने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: नेपाल र चीनबीचको व्यापार तथा भुक्तानी सम्झौता १९८१ लाई पुनरावलोकन तथा परिमार्जन गर्न संयुक्त प्राविधिक कार्यदल गठन गर्ने सम्वन्धी समझदारीपत्र अनुमोदन गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: आ.व. २०८०/०८१ को लागि औद्योगिक प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारी गर्न अनुमति दिने।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: जर्मनी सरकारले प्राकृतिक प्रकोपको नियन्त्रण तथा पहिरोको समस्या, समाधानका उपाय तथा परिणाम सम्बन्धमा अपनाउँदै आएका अभ्यासको बारेमा अध्ययन गर्न सचिव (उद्योग) मुकुन्द प्रसाद निरौलाको जर्मनी भ्रमण स्वीकृत गर्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतलाई थाइल्याण्डमा हुने Third Asian Pacific Energy Forum मा सहभागी हुन स्वीकृति दिने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीका श्री अर्जुन कुमार खड्का लगायत ६ अधिकृतहरूको सरुवा गर्ने।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: जापानमा सञ्चालन हुने Strengthening the Capacity of Civil Code Application (The Civil Code Reform-Nepal) Program मा सहभागी हुन सचिव श्री उदयराज सापकोटालाई स्वीकृति प्रदान गर्ने ।

११. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: नेपाल सरकार र CIMMYT बीच हुने Memorandum of Understanding (MoU) between The Government of Nepal and The International Maize and Wheat Improvement Center विषयको समझदारीपत्र स्वीकृत गर्ने।

१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: दुग्ध विकास संस्थानको सञ्चालक समितिका सदस्य डा. बेद बहादुर क्षेत्री (अर्जुन चौपारी-१, स्याङ्जा) लाई दुग्ध विकास संस्थानको सञ्चालक समितिको अध्यक्ष तोक्ने।

१३. गृह मन्त्रालय: चिनमा आयोजना हुने "3rd BRF अन्तर्गत High Level Forum on Green Development" कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री नारायणकाजी श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१४. गृह मन्त्रालय: अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगको म्याद २०८०।०८।२५ गतेसम्म थप गर्ने।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना निर्देशनालय र रेल योजना कार्यालयहरूका लागि राजपत्राङ्कित अधिकृतस्तरको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: रेल्वे सेवा सञ्चालन र मर्मत संभारको लागि तालिमप्राप्त जनशक्ति, आवश्यक उपकरण एवं मालसामान भारत सरकारको स्वामित्व रहेको कोंकण रेल्वे कर्पोरेसन लिमिटेडसँग सरकार तथा सरकार (G to G) प्रक्रियाबाट सम्झौता गरी खरिद गर्न नेपाल रेल्वे कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: भारतको मुम्वईमा हुने Global Maritime India Summit 2023 (GMIS) विषयक कार्यक्रममा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला र सचिव केशव कुमार शर्मालाई स्वीकृति प्रदान गर्ने।

१८. युवा तथा खेलकुद मन्त्रालय: अन्तर्राष्ट्रिय स्तरको क्रिकेट र बक्सिङ प्रतियोगितामा विजयी तथा पदक प्राप्त खेलाडी, सहभागी मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापक (अफिसियल) लाई पुरस्कार प्रदान गर्ने।

१९. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी अनुपजंग थापासमेत ४ (चार) सहायक रथीहरूको सरुवा गर्ने।

२०. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी जगदीश खड्कासमेत १७ (सत्र) महासेनानीहरूको सरुवा गर्ने।

२१. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानीद्वय रामकाजी थापा र श्रवण कुमार विष्टलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

२२. रक्षा मन्त्रालय: मित्रराष्ट्र घानाको आक्रामा आयोजना हुने 2023 UN Peacekeeping Ministerial मा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र उपरथी हिरा लाल जोशीलाई सहभागी हुन स्वीकृति दिने।

२३. वन तथा वातावरण मन्त्रालय: सुनकोशी गाउँपालिकालाई प्राथमिक अस्पताल निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने।

२४. वन तथा वातावरण मन्त्रालय: माथिल्लो सितखोला साना जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: अवकाश प्राप्त गैर नेपाली नागरिक अस्थायी शिक्षकहरूलाई सुविधा प्रदान गर्ने।

२६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: सुरक्षण मुद्रण केन्द्रको लागि अस्थायी दरबन्दी सिर्जना गर्ने।

२७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव छलफल गरी पेश गर्न मन्त्रिपरिषद्, विधेयक समितिमा पठाउने।

२८. सहरी विकास मन्त्रालय: राष्ट्रिय आवास कम्पनी लिमिटेडको महाप्रबन्धक पदमा श्री रामकृष्ण निरौला, लालीगुराँस नगरपालिका-३, तेह्रथुमलाई नियुक्त गर्ने।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशकलाई स्पष्टीकरण सोध्न स्वीकृति दिने।.

३०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना लगायतका आयोजना/योजनाहरूमा राजपत्राङ्कित अधिकृतस्तरको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

३१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: अध्यागमन कार्यालय, पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल लगायतका ६ कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

३२. नेपाल इञ्जिनियरिङ सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री अर्जुन जंग थापालाई बढुवा गरी अतिरिक्त समूहमा पदस्थापन गर्ने।

३३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/६/२२ को बैठकबाट अध्ययन लगायत अन्य प्रयोजनका लागि इजरायलमा रहेका नेपालीहरू नेपाल आउन चाहेमा नेपाल सरकारले नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको बिमान चार्टर्ड गरी नेपाल ल्याउने प्रबन्ध यथाशीघ्र मिलाउने निर्णय भएकोमा सो प्रयोजनको लागि अन्य व्यवसायिक उडानबाटसमेत नेपाल ल्याउने प्रबन्ध मिलाउने।

३४. नेपाल ट्रष्टको कार्यालयको सचिव पदमा कार्यरत राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री सरजु कुमार बैद्यलाई शहरी विकास मन्त्रालयको सचिव पदमा सरुवा गर्ने ।